# महाकाली नगरपालिका दार्चुलाको साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५

कार्यपालिकाबाट स्वीकृत मिति २०७५/१०/२४
प्रमाणिकरण मिति २०७५/११/०१

महाकाली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खलंगा दार्चुला

## १. पृष्ठभूमि

कृषि बालीको उत्पादन तथा उत्पादकत्व बढाउन सिंचाईको महत्वपूर्ण भूमिका रहेको हुन्छ।ठूला सिंचाई आयोजनाहरुको निर्माणमा लागत खर्च र समय बढी लाग्ने तथा तत्काल किसानको समस्या समाधान गर्न नसकिने भएकाले किसानहरुको वास्तविक आवश्यकतामा आधारित सामूहिक उपभोक्ताका स-साना सतह सिंचाई प्रणाली संरचनाहरु, बर्षादको पानी जम्मा गर्ने पानी पोखरीहरु, भूमिगत सिंचाई प्रणाली, नविनतम् प्रविधिमा आधारित सिंचाई प्रणालीको निर्माण सञ्चालन एवं मर्मत सम्भार गरी सिंचाई व्यवस्थापन गर्न अनुदान सहयोग दिई सिंचाई सुविधा सुनिश्तता गर्न महाकाली नगरपालिका दार्चुलाले आ.व.२०७५/०७६ देखि **साना सिंचाई विशेष कार्यक्रमलाई** विशेष महत्व दिई वजेट व्यवस्था गरेको छ । तसर्थ यस कार्यक्रमलाई व्यवस्थित पारदर्शी र प्रभावकारी ढङ्गले सञ्चालन होस भन्ने अभिप्रायले **महाकाली नगरपालिका दार्चुलाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७५ को दफा ४** बमोजिम तयार गरिएको छ।खाद्य सुरक्षा एवं आय आर्जनको पृष्ठभूमिमा सञ्चालन गरिने यो कार्यक्रम कृषक सहकारी/उपभोक्ता समिति वा संस्था/कृषक समूह/व्यवसायिक कृर्षि फर्महरु केन्द्रित रहेर कार्यान्वयन गरिनेछ ।

२. **उदेश्यः** सिंचाई क्षेत्रको विस्तार मार्फत कृषि बालीको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्दै आय आर्जन माध्यमबाट गरीवी निवारणमा टेवा पुऱ्याउने।

## ३. परिभाषा

यस निर्देशिकामाः

३.१ साना सिंचाई विशेष कार्यक्रम भन्नाले पहाडमा बढीमा २५ हेक्टर (सिंचाई नीति,२०७०) अनुसार हुने गरी नेपाल सरकारको तर्फबाट बढीमा रु. तीन लाख सम्मको अनुदान सहयोग र उपभोक्ता समेतबाट इष्टिमेटको कम्तीमा १० प्रतिशतको रकम नगद वा जिन्सी वा श्रमदान वा तिनै थरीको सहयोग योगदान स्वरुप उपलव्ध गराई निर्माण गरिने स-साना सतह सिंचाई प्रणाली संरचनाहरु, बर्षातको पानी जम्मा पार्ने पानी पोखरीहरु, भूमिगत सिंचाई प्रणाली, नविनतम् प्रविधिमा आधारित सिंचाई प्रणालीलाई जनाउँदछ ।

## ४. आयोजना छनौटका आधारहरु

आयोजना छनौटका आधारहरुः

(क) संस्थाको सक्रियता तथा सवलता,

(ख) समावेशिता,

(ग) आयोजनाको लागि वित्तिय सहभागिता,

(घ) आयोजनाको किसिम,

- बगर क्षेत्रको हकमा सिंचाई, भूमिगत सिंचाई तथा नविनत् प्रविधिमा आधारित सिंचाईलाई क्रमशः प्राथमिकता क्रममा राखिनेछ । भूमिगत

सिंचाईको हकमा आयोजना पूर्ण प्याकेज (Complite Package) को रुपमा हुनुपर्नेछ ।

- पहाडी तथा उच्च पहाडी क्षेत्रमा सतह सिंचाई, बर्षातको पानी जम्मा गर्ने पोखरीहरु, भूमिगत सिंचाई तथा नविनतम् प्रविधिमा आधारित सिंचाईलाई क्रमशः प्राथमिताक्रममा राखिनेछ । पाईपद्वारा संचालन गरिने सतह सिंचाईको हकमा २० एम.एम. वा सो भन्दा बढी व्यासको पाईप समावेश भएको आयोजनालाई प्राथमिकता दिईनेछ ।

(ङ) कार्यक्रमको आवश्यकता तथा प्राथिमकता,

(च) सिंचित क्षेत्रफल विस्तार र कृषि व्यवसायीकरणको सम्भावना,

(छ) अन्य ।

## ५. संयोजक वा निजको प्रमुख दायित्व

५.१ साना सिंचाई विशेष कार्यक्रमको लागि कृषि शाखा प्रमुख वा अधिकृत तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा प्रमुख/अधिकृतले कुनै अधिकृत वा कर्मचारीलाई संयोजक तोकी जिम्मेवारी सुम्पनु पर्नेछ ।

५.२ संयोजकले नगरपालिकाका अन्य सम्बन्धित प्राविधिकहरुको सहयोगमा निरीक्षण अनुगमन जस्ता कार्यहरु गर्नु पर्नेछ ।

५.३ संयोजकले प्रत्येक आयोजना सम्बन्धि भए/गरेका कार्यहरुको संक्षिप्त अभिलेख राख्नु पर्नेछ ।

## ६. कार्यक्रम सञ्चालन प्रक्रिया

६.१ **सूचना प्रवाहः** नगरपालिकाले साना सिंचाई विशेष कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधिबारे आफ्नो क्षेत्रमा सूचना सञ्चार, प्रविधिका उपयुक्त माध्यमबाट कम्तिमा १५ दिनको सूचना प्रवाह गराउनु पर्नेछ ।

६.२ **निवेदनः** उपयुक्त कार्यक्रम अर्न्तगत सञ्चालन हुने कुनै पनि सिंचाई आयोजनाको कार्यन्वयनको लागि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्मबाट निवेदन/ माग फाराम नगरपालिकाको कृषिशाखामा अनसूची १ बमोजिम पेश गर्नु पर्नेछ । यसरी माग फारम गर्दा गराउदा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहको तर्फबाट प्रति आयोजना रु.१००।- दरले राजस्व दाखिला गरी भौचर पेश गर्नु पर्नेछ ।

आयोजना छनौट भईसके पछि सम्झौता गर्ने समयमा वडा कार्यालयको सिफारिस पत्र अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

६.३ **स्वघोषणाः** आयोजना मागको निवेदन दर्ता गर्दा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्महरुको तर्फबाट आयोजना माग गरेको कामका लागि दोहोरिने गरी अन्य कुनै पनि निकायबाट अनुदान माग नगरेको स्वघोषणा समेत संलग्न गर्नु पर्नेछ ।

६.४ आयोजना (स्कीम) को मोटामोटी लागत र निवेदक संस्था /समुह/फर्मले व्यहोर्ने प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनु पर्नेछ ।

६.५ **छनौट प्रकृया:** कृषि शाखाले दफा २ बमोजिम साना सिंचाई बारे माग भई आएका निवेदनहरु कार्यविधिको दफा ३ बमोजिमका आधारहरुको अधिनमा रही प्रारम्भीक छनौट गरी साना सिंचाई विशेष कार्यक्रम छनौट समितिबाट पारित गराउनु पर्नेछ यसरी पारित भएका आयोजना (स्कीम) हरुको लागत इष्टिमेट देहाय अनुसार हुनुपर्नेछ ।

(क) रु. १,५०,०००।- सम्म लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा इरिगेशन इन्जिनियरिङ्ग विषयमा तालिम प्राप्त प्रा.स./ना.प्रा.स.ले स्थलगत सर्वेक्षण गरी लागत इष्टिमेट तयार गरी स्वीकृतको लागि नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ख) रु. १,५०,०००।- भन्दा बढी लागत लाग्ने सम्भावना भएका स्कीमको हकमा नगरपालिकामा कार्यरत ईन्जिनियर/सव-ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियरबाट स्थलगत रुपमा सर्वेक्षण गरी लागत इष्टिमेट तयार गरी स्वीकृतिका लागि नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ग) सबै किसिमका स्कीमको लागत इष्टिमेटको स्वीकृति नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट गराउनु पर्नेछ।

६.६ **साना सिंचाई विशेष कार्यक्रम छनौट समिति**

साना सिंचाई विशेष कार्यक्रम आयोजनाहरु छनौट गर्न तथा सो कार्यक्रमको स्थानीय स्तरमा समन्वय तथा अनुगमन मुल्याङ्कनका लागि तपसिल बमोजिम एक समिति रहनेछ ।

| | |
|---|---|
| नगरप्रमुख | -संयोजक |
| नगर उपप्रमुख | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| आर्थिक विकास समिति संयोजक | -सदस्य |
| पूर्वाधार विकास समिति संयोजक | -सदस्य |
| पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख ईन्जिनियर | -सदस्य |
| कार्यक्रम छनौट समितिबाट मनोनित कृषक प्रतिनिधि १ जना महिला सहित २ जना | -सदस्य |
| कृषि शाखा प्रमुख | -सदस्य सचिव |

द्रष्टव्य: समितिको बैठकमा बिज्ञहरुलाइ आमन्त्रण गर्न सकिनेछ।

६.७ **लागत इष्टिमेट-** लागत इष्टिमेट तयार गर्दा कूल लागतको (जनसहभागिताको रकम बाहेक) ३ प्रतिशत कन्टिन्जेन्सी स्वरुप राखिनेछ जुन रकम कृषि शाखाले साना सिंचाई

कार्यक्रम अनुगमन मुल्याङ्कन तथा मसलन्द सामग्री र अन्य व्यवस्थापकीय कार्यमा नेपाल सरकारको प्रचलित ऐन निमय अनुसार खर्च गर्नुपर्नेछ ।

६.८ **संशाधन परिचालन तथा व्यवस्थापन योजना** - नगरपालिकाले सहकारी/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्मको सहभागितामा कार्यान्वयन योजना तयार गर्नु पर्नेछ। आयोजना कार्यन्वयनमा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्म र कृषि सेवा केन्द्रले आ-आफ्नो उत्तरदायित्व प्रस्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

६.९ **इरिगेशन ईन्जिनियरिङ्ग तालिम**- रु: १,५०,०००।- सम्मका स्कीमका लागि इस्टिमेट तयार गर्न सक्ने गरी क्षमता विकास गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अर्न्तगतका तालिम संस्था (कृषि व्यवसाय प्रवद्धन सहयोग तथा तालिम केन्द्र) बाट कृषिमा कार्यरत प्रा.स./ना.प्रा.स. हरुलाई इरिगेशन इन्जिनियरङ्ग विषयमा तालिम दिने व्यवस्था हुनेछ ।

६.१० **कार्य सञ्चालन**- नेपाल सरकारको प्रचलित ऐन,नियम बमोजिम नगरपालिकाको कृषि शाखाले अग्रसरता लिइ सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्म र कृषि सेवा केन्द्रले पारदर्शिता बनाइ कार्यान्वयन गर्नुपर्नेछ । निर्माण सम्बन्धि प्रकृयागत एवं व्यवस्थापकीय जिम्मेवारी नगरपालिका कृषि शाखाको हुनेछ ।

६.११ कार्य सम्पन्न प्रतिवेदन- डिजाईन, इष्टिमेट र सम्झौता अनुसार आयोजना (स्कीम) को कार्य पुर्ण रुपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा तपशिल बमोजिम कार्यसम्पन्न प्रतिवेदन दिनुपर्नेछ ।

- निर्माण कार्य सुपरिभिजन गर्ने वा अन्तिम विल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरिभिजन गरी अन्तिम विल तयार गर्ने प्राविधिकबाट आइटमवाइज कार्य सम्पन्न प्रतिवेदन तयार गरी सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्मले पेश गर्ने ।
- यसरी कार्य सम्पन्न प्रतिवेदनबारे सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्म तथा सम्बन्धित वडा कार्यालय/कृषि सेवा केन्द्रले स्थलगत निरीक्षण गरी सन्तोसजनक रुपमा सम्पन्न भएको निर्माण भएको अन्तिम भुक्तानी र स्कीमको सञ्चालन अवस्था बारे संस्था/समिति/समूहको बैठकबाट निर्णय गराई नगरपालिकामा पेश गर्ने ।
- बैठकको निर्णय सहित कार्यसम्पन्न प्रास भएपछि कार्यक्रम संयोजकको सिफारिसमा नगरपालिकाले साधारणतया १ (एक हसा) भित्र अन्तिम विल भुक्तानी गर्नेछ ।
- आयोजनाको प्रकृति अनुसार कार्यप्रगतिको आधारमा १-३ पटक भुक्तानी दिने । एकै पटक भुक्तानी दिनुपर्ने अवस्थामा कार्यसम्पन्न प्रतिवेदन तयार पारी स्कीमको



०७५/११/०९
प्रमुख प्रशासकीय अधिकृत

सञ्चालनको अवस्थाबारे सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्मको बैठकबाट निर्णय गराई नगरपालिका कृषि शाखा प्रमुखको सिफारिसमा भुक्तानी दिन सकिनेछ । १ पटक भन्दा बढी किस्तामा रकम भुक्तानी गराउनु पर्ने खण्डमा सम्झौता पत्रमा स्पष्ट खुलाउनु पर्नेछ ।

- कृषि शाखाले कार्यसम्पन्न भएका आयोजनाहरु जानकारी साना सिंचाई विशेष कार्यक्रम छनौट समितिमा गराउने र सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्मलाई कार्य सम्पन्नताको प्रमाण पत्र सहित आयोजना हस्तान्त्रण गर्ने ।

६.१२ **मर्मत/सम्भार-** आयोजना सम्पन्न भई हस्तान्त्रण भैसकेपछि सोको मर्मत सम्भार गर्ने सम्फूर्ण जिम्मेवारी सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्मको हुनेछ ।

६.१३ **अनुगमन/सुपरीवेक्षण-** साना सिंचाई विशेष कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित कृषि शाखा र साना सिंचाई विशेष कार्यक्रम छनौट समितिबाट गराइनेछ ।

## ७. प्रगति प्रतिवेदन

प्रगति प्रतिवेदन तथा प्रगतिको मूल्याङ्कन देहाय बमोजिमको प्रतिशतमा समायोजन गरी प्रस्तुत गर्नुपर्नेछ ।

- सूचना प्रकाशन, निवेदन संकलन,प्रारम्भिक सर्वेक्षण र प्राथमिकता निर्धारण-१०% ।
- आयोजना पहिचान,लागतइष्टिमेट तयारी, योजना छनौट, सम्झौता तथा कार्य आदेश-२०%
- कार्य सम्पन्न निरीक्षण, कार्यसम्पन्न प्रतिवेदन तथा भुक्तानी-७०%

मासिक,चौमासिक तथा बार्षिक प्रतिवेदनहरु र अनुसूची ४ बमोजिमको अभिलेख नियमित रुपमा नगरपालिकामा उपलव्ध गराउने ।

## ८. कार्य तालिका

कृषि शाखाले साना सिंचाई विशेष कार्यक्रम अर्न्तगतका आयोजनाको लागि एक कार्य तालिका निर्माण गरी यथासमय सम्पन्न गर्नुपर्नेछ ।

## ९. संशोधन तथा बचाउ

यस कार्यविधिमा संशोधन तथा थपघट गर्नु पर्ने भएमा कार्यपालिकाबाट संशोधन तथा थपघट गर्न सकिनेछ ।

अनुसूची-१

## साना सिंचाई विशेष कार्यक्रमबाट सहयोगको लागि दिनुपर्ने निवेदनको नमुना

विषयः- साना सिंचाई विशेष कार्यक्रमबाट सहयोगको लागि अनुरोध ।

श्रीमान् प्रमुख ज्यू,
कृषि शाखा- महाकाली नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय खलंगा दार्चुला ।

महोदय,

हामी निम्न लिखित निवेदक फाराम (क) मा हस्ताक्षर भएका व्यक्तिहरुबाट जिल्ला दार्चुला महाकाली नगरपालिका........... वडा नं. ....... मा अवस्थित .......................... सिंचाई आयोजनाको लागि साना सिंचाई विशेष कार्यक्रमबाट सहयोग पाउँ भनी वर्तमान तथा सम्भावित उपभोक्ताहरुको तर्फबाट प्रति आयोजना रु.१००।- (एक सय) का दरले राजस्व दाखिला गरेको भौचर सहित आयोजना कार्यान्वयनमा लाग्ने मोटामोटी वजेट र समूहको निर्णयको प्रतिलिपि सहित यो निवेदन पेश गरेका छौ । हामीले यस कार्यक्रम अर्न्तगत अपनाउनु पर्ने नीति र कार्यविधिहरु सम्पूर्ण रुपमा बुझेका छौ र त्यसै अनुसार पूर्ण सहमत छौ । यसका लागि आवश्यक निवेदन फारामहरु (क), (ख) र (ग) सम्बन्धित कर्मचारीको मद्दतबाट भरी पेश गरेका छौ ।

स्वघोषणा- हामीले माग गरेको आयोजनाको कामकै लागि दोहोरिने गरी अन्य कुनै पनि निकायबाट अनुदान रकम माग गरेका छैनौ ।

<u>निवेदकः</u>

कृषि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्मको
अध्यक्ष/प्रतिनिधिको नामः
हस्ताक्षरः
मितिः
संस्थाको छाप

निवेदन फाराम नं. (क)

सतह सिंचाईको लागि निवेदन साथ संलग्न गर्नुपर्ने निवेदन फाराम

| क्र.स. | उपभोक्ता निवेदकहरुको नाम | ठेगाना | प्रतिनिधित्व गरेको क्षेत्र (शिर,मध्य र पुच्छर) | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

द्रष्टव्यः- उपरोक्त १५ जना जलउपभोक्ता निवेदकहरु मध्ये शीर, मध्य र पुच्छरबाट ५-५ जनाको प्रतिनिधित्व हुनुपर्नेछ । एक परिवारबाट एकजना जग्गाधनी मात्र सदस्य रहनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

निवेदन फाराम नं. (ख)

सिंचाई योजना सम्बन्धी आधारभुत जानकारी

**१. आयोजना सम्बन्धी विवरण**

१.१ प्रस्तावित योजनाको नामः- ..............................

१.२ प्रस्तावित योजनाको किसिमः- नयाँ,मर्मत,सुधार वा अन्य खुलाउने ............

१.३. प्रस्तावित योजनाको ठेगानाः- जिल्ला दार्चुला महाकाली नगरपालिका.... न. वडा

१.४ (क) वर्तमान जल उपभोक्ताहरुको परिवार संख्याः-.............

(ख) वर्तमान जल उपभोक्ताहरुको संख्याः-.............

१.५ (क) थप सम्भाव्य परिवार संख्याः-.............

(ख) थप सम्भाव्य जल उपभोक्ता संख्याः-.............

**२. आयोजना स्थल सम्म पुग्ने बाटो**

| बाट (ठाउँ) | सम्म (ठाउँ) | सम्भाव्य साधन (पैदल वा गाडी) | अनुमानित दुरी र समय | | कैफियत |
|---|---|---|---|---|---|
| | | | कि.मी | घण्टा/दिन | |
| | | | | | |

३. प्रस्तावित कार्य वा आयोजनाबाट लाभाम्बित हुने उपभोक्ताहरुको विवरण

| सि.न. | जग्गाधनीको नाम | ठेगाना | परिवार सदस्य संख्या | कित्ता नं. | क्षेत्रफल (रोपनी/विघा) | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

४. पुरानो सिंचाई योजना भए सोको पृष्ठभुमि

| सि.न. | निर्माण आयोजना को किसिम | गरी सकेको कार्य बर्ष | रकम को श्रोत | रकम रु. | कार्यक्रम को नाम | कार्यान्वयन विधि | हल को स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

महाकाली नगरपालिकाको कार्यालय, खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

०६५/११/०९

नि. प्रमुख प्रशासकीय अधिकृत

५. पानीको श्रोत

| सि.न. | श्रोतको नाम | किसिम (सालभरी/ बर्षादमा मात्र) | औषत जल प्रवाह लिटर/से.घण्टा | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | बर्षे | हिउँ | चैते | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोटः- पानीको श्रोतको किसिम साल भरी पानी हुने वा बर्षातमा मात्र हुने के कस्तो हो खुलाउनु पर्ने ।

६. पानीको श्रोत/मुहान बाँडफाँड सम्बन्धमा कुनै विवाद छ कि छैन? छ/छैन

७. जल उपभोक्ता कृषकहरुको संगठन

७.१ जल उपभोक्ता कृषकहरुको संगठन छ कि छैन?: छ/छैन

७.२ यदी छ भने नगर जलश्रोत उपयोग समितिमा संस्था दर्ता भएको छ कि छैन? : छ/छैन्

- उपभोक्ताहरु संगठित हुन तयार छन् कि छैनन्? छन/छैनन्
- निर्माणको विभिन्न चरणामा लागत सहभागिता जुटाउन तयार छन् कि छैनन? छन्/छैनन्

७.३ मर्मत सुधार योजना भए हाल चालु अवस्थामा छ कि छैन? छ/छैन

७.४ यदि छ भने हाल आयोजनाको सञ्चालन मर्मत सम्भार कसले गर्दै आएको छ ? √ चिनो लगाउनुहोस् ।

- जल उपभोक्ताहरु स्वयंद्वारा ( )
- अन्य कुनै संस्थाद्वारा ( )
- कुनै खास व्यवस्था वा प्रथा नभएको ( )

७.५ प्रस्तावित आयोजनाको निर्माण/मर्मत सुधार भएपछि त्यसको सञ्चालन तथा मर्मत सम्भार गर्ने पूर्ण जिम्मेवारी लिन उपभोक्ताहरु तयार छन् की छैनन् ? छन्/छैनन्

८. मर्मत सुधार आयोजनाको संक्षिप्त विवरण

८.१ आधारभुत विवरण

८.१.१ हालको विवरण

मूल नहर/कुलो/पैनीको हाल भै रहेको लम्बाई............ कि.मी.



नगर कार्यपालिकाको कार्यालय, सुदूरपश्चिम प्रदेश, नेपाल

०७५।११।०१

शाखा नहर/कूलो/पैनी/को हाल भैरहेको लम्बाई ........ हेक्टर
सिंचत क्षेत्रफल............................ हेक्टर
संरचनाहरुको सुंख्या ...................... वटा
बर्षे बाली लाग्ने क्षेत्रफल ................ हेक्टर
हिउँदे बाली लाग्ने क्षेत्रफल................हेक्टर
चैते बाली लाग्ने क्षेत्रफल ................ हेक्टर

८.१.२ प्रस्तावित कार्यको विवरण

विस्तार वा नयाँ थप्नुपर्ने मूल नहर/कूलो/पैनीको लम्बाईः........... कि.मी.
विस्तार वा नयाँ थप्नुपर्ने मूल शाखानहर/कूलो/पैनीको लम्बाईः..... कि.मी.
विस्तार वा थप्नु पर्ने सिंचित क्षेत्रफल.................................. हेक्टर
विस्तार वा थप गर्नुपर्ने संरचनाहरुको संख्या.............................वटा
थप बर्षे बाली लाग्ने क्षेत्रफल .........................................हेक्टर
थप हिउँदे बाली लाग्ने क्षेत्रफल ........................................ हेक्टर
थप चैते बाली लाग्ने क्षेत्रफल ........................................... हेक्टर

८.२ आधारभुत समस्या (विवरण छोटकरीमा उल्लेख गर्ने)

- मुहानबाट पानी ल्याँउदा पर्ने समस्याः .................................................
- मूल नहर/कूलो/पैनीमा पानी चुहिने समस्याः...........................................
- मूल नहर/कूलो/पैनीमा भत्कने वा पानी चुहिने समस्याः............................
- स्थायी स्ट्रक्चर नभएकोः ...............................................................
- सिंचाई व्यवस्थापनको लागि सेडहरु नभएको .......................................
- नदी कटान पहिरो समस्या ..............................................................
- अन्य समस्याः ................

८.३ सहयोगको आवश्यकता

- मुहान् नदी नियन्त्रणः गर्नुपर्ने/नपर्ने
- वाँध वा ईन्टेक निर्माणः गर्नुपर्ने/नपर्ने
- मूल नहरको केही ठाउँ लाईनिङ्गः गर्नुपर्ने/नपर्ने
- खोल्सा तथा अन्य ठाउँ स्थायी स्ट्रक्चरः गर्नुपर्ने/नपर्ने
- मूल नहर/कूलो/पैनीमाः क्षमता वढाउने/लम्बाई बढाउने/दुवै
- शाखा नहर/कूलो/पैनीमाः नया निर्माण गर्नुपर्ने/क्षमता बढाउनु/लम्बाई बढाउने/सवै
- पानी बाँडफाँडका लागि आवश्यक संरचनाः गर्नुपर्ने/नपर्ने

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

०८२।१।१०९
प्रमुख प्रशासकीय अधिकृत

८.४ जलउपभोक्ता कृषकहरु स्वयंमले निर्माण गर्न नसक्नुका कारणहरु (√ चिन्ह लगाउनु होस्)

- ठूलो रकमको आवश्यकता पर्ने ( )
- ठूलो रकमको आवश्यकता नपर्ने ( )
- धेरै पटक विग्रे भत्केकाले स्थायी समाधान खोजेको ( )
- जल उपभोक्ताहरु संग संगठनात्मक स्वरुप नभएको ( )
- संगठन भएतापनि सकृय नभएको ( )
- धेरै पटक कोसिस गरेर असफल भएको ( )

९. जल उपभोक्ता कृषकहरुको अग्रसरता

आयोजनाको कार्यमा लाग्ने कूल खर्चमा निम्न अनुरुप सहभागिता व्यहोरिने

- रकममा.................. प्रतिशत
- श्रमदानमा.............. प्रतिशत
- जिन्सीमा.................. प्रतिशत

**निवेदन फाराम नं. (ग)**

बोरिङ/पम्पसेट निर्माणका लागि

१) सार्वजनिक स्थानमा बोरिङ्ग/इनार/पम्पसेट सिंचाई योजनाको हकमा बोरिङ्ग/इनार/पम्पसेट गाड्ने समस्याः छ/छैन

२) बोरिङ्ग/इनार/पम्पसेट गाड्ने जग्गाको इच्छापत्र वा लालपुर्जाः छ/छैन

३) बोरिङ्ग/इनार/पम्पसेट गाडेको स्थानबाट पानी वितरण गर्ने खेतवारीको औषत दुरी....... कि.मी

४) बोरिङ्ग/इनार/पम्पसेटबाट सिंचित हुने क्षेत्रफलः............ हेक्टर

५) बोरिङ्ग/इनार/पम्पसेट रेखदेखका लागि सेड हाउसः वनाउनु पर्ने/नपर्ने

६) बोरिङ्ग/इनार/पम्पसेट मर्मत सम्भारको लागि समूहको हितकोष रकम मौज्दातः छ/छैन

अनुसूची-२

इष्टिमेट अनुसार उपभोक्ता तथा नगरपालिकाले सम्पन्न गर्ने कार्यको बाँडफाँड

| नगरपालिकाले गर्ने कार्यहरु | | | | लाभग्रहीले गर्ने कार्यहरु | | | |
|---|---|---|---|---|---|---|---|
| आइटम नं | आइटमको विवरण | परिमाण | मूल्य | आइटम नं | आइटमको विवरण | परिमाण | मूल्य |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |
| प्रतिशत खर्च | | | | | | | |

कार्य सम्पन्न मितिः-

नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

# साना सिंचाई विशेष कार्यक्रम अभिलेख रेकर्ड फाराम (नमुना)

जिल्लाः

आयोजनाको नामः

आयोजनाको अवधिः-

जम्मा निकासा रु.

वजेट शिर्षक नं. .....

आ.व. .................

जम्मा खर्च रु. ...........

भारित प्रगतिः...........

रकम रु.हजारमा

| सि. नं. | आयोजनाको नाम | आयोजनाको किसिम (नयाँ/पुरानो/मर्मत सम्भार) | ठेगाना | ल.ई.रकम | जम्मा खर्च रु. | | | | लाभान्वित परिवार संख्या | सिंचाई हुने क्षेत्रफल | | | सिंचाई सुविधा उपलव्धबाट उत्पादनमा हुन सक्ने बृद्धी (मे.टन) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यालयको स्वीकृत बजेट | जनसहभागिता | अन्य संघ संस्थाबाट सहयोग | जम्मा रु. | | नयाँ निर्माण बाट | पुरानो मर्मत सम्भार | जम्मा | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

नोटः- १. जन सहभागिताको कोलममा प्रतिशत खुलाउने ।

२. परिवार भन्नाले एउटै घरमा बसी एउटै चुल्होमा खाना खाने सदस्यहरु (परिवारका) को समूह भन्ने बुझाउँदछ । एउटै घरमा एक भन्दा बढी परिवार पनि बस्न सक्ने हुँदा लाभान्वित परिवार संख्याको कोलममा परिवारका सदस्य संख्या उल्लेख नगरी परिवार संख्या उल्लेख गर्ने ।

अनुसूची-३

## साना सिंचाई विशेष कार्यक्रम सम्बन्धी सम्झौता पत्र (नमुना)

१. यो सम्झौता पत्र महाकाली नगरपिलका (यसपछि पहिलो पक्ष भनिने) र सहकारी संस्था/जल उपभोक्ता संस्था/कृषक समुह /कृषि फार्म (यसपछि दोस्रो पक्ष भनिने) बिच साना सिंचाई आयोजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ।

२. यो सम्झौता, सम्झौता भएको मितिदेखि प्रारम्भ भएको मानिने छ।

३. दोस्रो पक्षले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ।

४. यस साना सिचाई योजनाको निर्माण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ। आफैले नगरी दोस्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन।

५. पहिलो पक्षले दोस्रो पक्षलाई इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न आयोजनाको प्रकृति अनुसार वढीमा तीन किस्तामा (पहिलोमा ........प्रतिशत,दोस्रोमा ........प्रतिशत र अन्तिमा .......प्रतिशतले अनुदान रकम उपलब्ध गराउने छ।

६. प्रथम किस्ता स्वरुप रकम प्राप्त गर्न सम्बन्धित दोस्रो पक्षले कम्तिमा १५ प्रतिशतसम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ।

७. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकवाट कामको मुल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ।

८. दोस्रो पक्षले यसै योजनाको लागि आफ्नै श्रोत वाहेक कुनै सरकारी, गैह सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ।

९. दोस्रो पक्षले काम गर्दा पहिलो पक्षवाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ।

१०. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा आयोजनाको कार्य सम्पन्न भै सकेपछि दोस्रो पक्षले सम्बन्धित प्राविधिकवाट आयोजना सुपरभिजन गराई अन्तिम विल तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

११. यस योजनाको निर्माण कार्य सोही आ.व.भित्र सम्पन्न गरि सक्नु पर्नेछ साथै कार्य सम्पन्न नभएमा आगामी आ.व.मा भुक्तानी गरिने छैन ।

नगर कार्यपालिकाको कार्यालय
दशरथचन्द, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

२०७८/११/०१

प्रमुख प्रशासकीय अधिकृत

१२. दोश्रो पक्षले निर्माण कार्यको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

१३. सम्झौता भएको मिति देखि...... दिन भित्र यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी संचालनमा ल्याईने छ ।

१४. दोश्रो पक्षको लापर्वाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

१५. आयोजना सम्पन्न भई हस्तान्त्रण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धि कार्य सम्बन्धित दोश्रो पक्षको हुनेछ ।

१६. निर्माण कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा साना सिंचाई विशेष कार्यक्रम छनौट समितिको निर्णय नै अन्तिम हुनेछ ।

१७. यो सम्झौता उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन,नियम अनुसार हुनेछ ।

...............................

अध्यक्ष/प्रतिनिधिको

नामः

उपभोक्ता समूहको नामः

संस्थाको छापः

...............................

कार्यक्रम संयोजक

नामः

कार्यालयः

...............................

प्रमुख प्रशासकीय अधिकृत

नामः

कार्यालयः

साक्षीः

(१) ..................

(२) ..................